**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

# फैसला

**२०७९/८० सालको निर्णय नं.४१२**

**पुनरावेदन नं.०७५-RB-००३८**

**मुद्दाः आयकर (२०६७।६८)**

बारा जिल्ला वीरगंज आदर्शनगर स्थित साविक मारुती नन्दन रोलिङ्ग मिल्स प्रा.लि. हाल परिवर्तित शालीमार स्टील्स प्रा. लि. (स्थायी लेखा नं. ३०००२०५९७) को तर्फबाट अख्तियार प्राप्त कम्पनीका संचालक जीवन कुमार अग्रवाल................१ } पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजस्व कार्यालय, सिमरा...........................................................१
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ...............................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, सिमरा
शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री कृष्ण प्रसाद पराजुली
शुरु निर्णय मितिः- २०७१।०५।१५

**प्रशासकीय पनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, काठमाण्डौ
निर्णय गर्ने अधिकारीः- महानिर्देशक श्री विष्णुप्रसाद नेपाल
विभागको निर्णय मितिः–२०७५/०२/१६

**उपस्थित कानून व्यवसायी**

पुनरावेदकका तर्फबाटः- विद्धान अधिबक्ताद्वय श्री रमणकुमार कर्ण र श्री प्रेरणा उप्रेती
प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७१।०५।१५ मा भएको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजश्व विभागका महानिर्देशकबाट मिति २०७५/०२/१६ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यसप्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. आन्तरिक राजस्व कार्यालय, सिमराको कार्यक्षेत्र अन्तर्गतका करदाता साविक मारुती नन्दन रोलिङ्ग मिल्स प्रा.लि. हाल परिवर्तित शालीमार स्टील्स प्रा. लि. ले आ.व. २०६७/०६८ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रु.३,८३,५३,६०६।- करयोग्य नोक्सानी कायम गरी आन्तरिक राजस्व कार्यालय, सिमरामा मिति २०६८/०९/२९ मा विवरण पेश गरेको ।

२. आ.व. २०६७/०६८ लागि आन्तरिक राजस्व कार्यालय, सिमरावाट कर परीक्षण हुँदा करदाताबाट पेश हुन आएका आय विवरण साथ संलग्न कागजात, फाँटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विश्लेषण गर्दा प्रस्तुत करदाताको आ.व. २०६७/०६८ को सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नुपर्ने रकम नगरेको तथा कट्टी गर्न नपाइने खर्च कट्टी दावी भएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निधारण गर्ने प्रयोजनको लागि संशोधित करयोग्य नोक्सानी रू.७७,१४,८६६।- कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध) भित्र पेश गर्न आयकर ऐन, २०५८ को १०१(६) बमोजिम आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७१।०४।१६ मा जारी भएको सूचना ।

३. आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७१।०४।१६ मा जारी भएको सूचना करदाताले मिति २०७१।०४।१९ मा बुझी लिई सोको लिखित जवाफ मिति २०७१।०५।०२ मा पेश गरेको ।

४. प्रस्तुत करदाताको आ.व. २०६७/०६८ को लागि रू.७७,१४,८६६।- करयोग्य नोक्सानी कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने गरी आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७१/०५/१५ मा खडा भएको निर्णय पर्चा ।

५. आन्तरिक राजस्व कार्यालय, सिमराले मिति २०७१/०५/१५ मा जारी गरेको आ.व. २०६७/०६८ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी

साविक मारुती नन्दन रोलिङ्ग मिल्स प्रा.लि. हाल परिवर्तित शालीमार स्टील्स प्रा. लि. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७१/०७/२८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. निवेदकले विभागको च.नं. २१४, मिति २०६८।०९।१९ को परिपत्रलाई वेवास्ता गरी नियमानुसार पाउने भन्दा बढी जर्ति दावी गरी घटी उत्पादन देखाएको हदसम्मको परिमाण उत्पादन भएको र बिक्री भएको मानी सो बिकीलाई आयमा समावेश गर्ने गरी भएको कार्यालयको निर्णय कानून सम्मत रहेको देखिंदा निवेदकको जिकिर नपुग्ने ठहर्छ। Mismatch Report अनुसार अर्घाखांची सिमेण्ट उद्योगले देखाएको खरिदमा फरक परेको रकम रू. ५९,३५०।-आयमा समावेश गरेको नमिलेको भन्ने जिकिरका सम्बन्धमा पुनःसंशोधित कर निर्धारण गर्नुपर्ने ठहर्छ। बिक्री बितरण खर्च अन्तर्गत सेल्सम्यान भ्रमण खर्च, बिक्री वितरण खर्च अन्तर्गत विज्ञापन खर्च तथा प्रशासनिक खर्च अन्तर्गतको उत्सव तथा समारोह खर्च बिल भर्पाई तथा प्रमाणबाट पुष्टि नभएको भनी कार्यालयबाट कर निर्धारण भएकोमा कर परीक्षणका समयमा निवेदका तर्फबाट प्रस्तुत बिल भर्पाई स्पष्ट र पूर्ण भएको भन्ने निवेदकको जिकिर रहे तापनि सो खर्चहरूको ठोस तथा वस्तुगत प्रमाण एवं पुष्टि पेश हुन सकेको नदेखिएको हुँदा आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च कट्टी नदिने गरी कार्यालयबाट भएको कर निर्धारण कानून सम्मत रहेको ले निवेदन जिकिर नपुग्ने ठहर्छ। निवेदकले आ.ब. २०६६।०६७ को व्यवसायका नोक्सानी भनी रू. २,२८,४६, ४१७८/- दावी लिएको देखिन आयो । तर यस विभागबाट निवेदकको उक्त आ.ब. २०६६/०६७ को प्रशासकीय पुनरावलोकनको निर्णय भईसकेको अवस्थामा सो निर्णय अनुसार आयकर ऐन, २०५८ बमोजिम नोक्सानी समायोजन हुने हुँदा यस विषयमा केहि उल्लेख गर्नु नपर्ने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागबाट मिति २०७५/०२/१६ मा भएको निर्णय।

७. नियमानुसार पाउने भन्दा बढी जर्ति दावी गरी घटी उत्पादन देखाएको हदसम्मको परिमाण उत्पादन भएको र बिक्री भएको मानी सो बिकीलाई करदाताको आयमा समावेश गर्ने गरेको तथा प्रशासनिक खर्च अन्तर्गतको भ्रमण खर्चलाई बिल भर्पाई तथा प्रमाणबाट पुष्टि भईरहेको अबस्थामा समेत सो खर्चहरूको ठोस तथा वस्तुगत प्रमाण एवं पुष्टि पेश हुन सकेको नदेखिएको भनी आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च कट्टी नदिने गरी आन्तरिक राजस्व कार्यालय सिमराबाट भएको आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय समेत त्रुटिपूर्ण हुँदा सो समेत बदर गरी पाउँ भन्ने समेत व्यहोराको करदाता साविक मारुती नन्दन रोलिङ्ग मिल्स प्रा.लि. हाल परिवर्तित शालीमार स्टील्स प्रा. लि. को तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५/०५/१० मा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०७/०६ मा भएको आदेश।

९. प्रस्तुत मुद्दामा करदाताको तर्फबाट कानून व्यवसायी रहनु भएका अधिवक्ता श्री रमणकुमार कर्णले स्वास्थ्य उपचारको कारण देखाई पेशी स्थगनको निवेदन पठाएको देखिँदा प्रस्तुत मुद्दामा आज सुनुवाई गर्न मिलेन। प्रस्तुत मुद्दा करिब चार बर्ष पुरानो रहेको परिप्रेक्ष्यमा पुनरावेदक तर्फबाटका कानून व्यवसायी तथा प्रत्यर्थी तर्फबाट विशेष सरकारी वकीलको कार्यालय दुवै पक्षबाट १५ दिनभित्र लिखित बहसनोट पेश गर्न लगाई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/१२/२० मा भएको आदेश।

१०. उद्योग विभागको Material consumption Norms B.S. 2063 ले उल्लेख गरेको व्यवस्था बाध्यकारी नभएकोले सोमा भएको नर्म्सलाई सवै उद्योगमा समानरुपमा लागु हुने नहुँदा सो नर्म्सलाई वेवास्ता गरी नियमानुसार पाउने भन्दा बढी जर्ति दावी गरी घटी उत्पादन देखाएकोले दावी गरेको बढी जर्तिलाई उल्लिखित दरकै आधारमा छुड उत्पादन तथा बिक्री भएको मानी सो बिक्रीलाई आयमा समावेश गरी तथा प्रशासनिक खर्च अन्तर्गतको भ्रमण खर्चलाई बिल भर्पाई तथा प्रमाणबाट पुष्टि भईरहेकोमा समेत सो खर्चलाई कट्टी नदिने गरी आन्तरिक राजस्व कार्यालय, सिमराबाट गरिएको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशबाट भएको निर्णय समेत त्रुटीपूर्ण रहेकोले बदर गरी पाउँ भन्ने समेत व्होराको पुनरावेदक करदाताको तर्फबाट विद्वान अधिवक्ता श्री प्रेरणा उप्रेतीले मिति २०८०।०१।०४ मा पेश गरेको बहसनोट।

११. करदाताले उद्योग विभागको Material consumption Norms B.S. 2063 ले उल्लेख गरेको व्यवस्थालाई वेवास्ता गरी नियमानुसार पाउने भन्दा बढी जर्ति दावी गरी घटी उत्पादन देखाएकोले दावी गरेको बढी जर्तिलाई उल्लिखित दरकै आधारमा छुड उत्पादन तथा बिक्री भएको मानी सो बिक्रीलाई आयमा समावेश गरेको तथा प्रशासनिक खर्च अन्तर्गतको भ्रमण खर्चलाई बिल भर्पाई तथा प्रमाणबाट पुष्टि हुन सकेको नदेखिएकोले खर्च कट्टीलाई अमान्य गरी आन्तरिक राजस्व कार्यालय, सिमराबाट निर्धारण भएको संशोधित कर निर्धारण आदेश र सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेकै देखिदां सदर होस भन्ने समेत व्यहोराको प्रत्यर्थी कार्यालयको तर्फबाट विशेष सरकारी वकील कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले मिति २०८०।०१।०५ मा पेश गरेको बहसनोट।

## ठहर खण्ड

१२. नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता साविक मारुती नन्दन रोलिङ्ग मिल्स प्रा.लि. हाल परिवर्तित शालीमार स्टील्स प्रा. लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री रमणकुमार कर्ण र श्री प्रेरणा उप्रेतीले आन्तरिक राजस्व कार्यालय, सिमराबाट उद्योग विभागको Material consumption Norms B.S. 2063 ले निर्धारण गरेको नर्म्स सवै उद्योगमा समानरुपमा लागु नहुने हुँदा नियमानुसार पाउने भन्दा बढी जर्ति दावी गरी घटी उत्पादन देखाएको मानी कायम गरेको आय तथा प्रशासनिक खर्च अन्तर्गतको भ्रमण खर्चको बिल भर्पाईलाई मान्यता नदिई सो खर्च कट्टी नपाउने भनी आन्तरिक राजस्व कार्यालय, सिमराबाट भएको संशोधित कर निर्धारण आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत त्रूटिपूर्ण रहेको हुँदा बदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१३. प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकीलको कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले आन्तरिक राजस्व कार्यालय, सिमराबाट भएको संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानूनसम्मत रहेको हुँदा सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१४. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहसनोट तथा बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, आन्तरिक राजस्व कार्यालय, सिमराबाट करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१५. निर्णय तर्फ विचार गर्दा करदाताको पहिलो पुनरावेदन जिकिर उद्योग विभागबाट प्रकाशित Material Consumption Norms, Vol I BS. २०६३ बमोजिमको प्रतिलब्धी दर ९४.३४ प्रतिशत उत्पादन हुनुपर्नेमा फलामे डण्डीको प्रतिलब्धी दर ९०.९९ मात्र देखाई तोकिएको Norms भन्दा ३.३५ प्रतिशतले हुने २,०५,८७३.९२ के. जी. फलामे डण्डी घटी उत्पादन देखिएको भनी स्क्राप वापतको मूल्य र हिसाब समायोजन गर्न छुट समेत समावेश गरी त्यसलाई घटाई रु.७२,५८,२३४।९६ करदाताको मूनाफा र लाभमा समावेश गरेको त्रुटीपूर्ण भन्ने रहेको देखियो। करदाताले आफ्नो पुनरावेदन जिकिर पुष्टी गर्नको लागि उद्योग विभागको उक्त मापदण्ड भन्सारमा Duty drawback प्रयोजनको लागि हो, कर निर्धारण प्रयोजनको लागि होईन भन्ने तर्क समेत अघि सारेको देखियो। यही प्रश्न समावेश रहेको यीनै करदाताको आ.ब. २०६७/०६८ को अन्तःशुल्क निर्धारण

सम्बन्धी लगाउको ०७५-RB-००२७ को मुद्दामा शुरु निर्णय समेत सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भएको हुँदा सोही फैसलामा विवेचना गरिएको आधारमा प्रस्तुत मुद्धामा समेत Material Consumption Norms भन्दा घटी उत्पादन गरेको देखाई आ.व. २०६७।०६८ मा रु.७२,५८,२३४।९६ बराबरको आय करदाताले लुकाएको ठहर गरी आयमा समावेश गर्ने गरेको शुरु निर्णय मिलेकै देखिंदा परिवर्तन गर्नु परेन।

१६. अब पुनरावेदक करदाताको दोस्रो पुनरावेदन जिकिर हेर्दा, करदाताबाट बिक्री बितरण अन्तर्गत सेल्सम्यान भ्रमण खर्च, बिज्ञापन खर्च तथा प्रशासनिक खर्च अन्तर्गत Travelling Expenses अन्तर्गत भएको खर्चलाई मान्यता नदिएको त्रुटीपुर्ण रहेको भन्ने जिकीर रहेको पाइन्छ। करदाताले बिक्री बितरण अन्तर्गत सेल्सम्यान भ्रमण खर्च, बिज्ञापन खर्च Travelling Expenses अन्तर्गत गरेको भुक्तानी आयकर ऐन २०५८ को दफा १३ बमोजिम प्रमाण पेश भई आएको नदेखिँदा खर्च कट्टी गर्न नमिल्ने भन्ने आन्तरिक राजस्व कार्यालय सिमराबाट निर्णय भएको देखिन आयो। पुनरावेदक करदाताले कर्मचारीहरुबाट भएका भ्रमण सम्बन्धी खर्चलाई व्यवसायिक प्रयोजनमा भएको प्रशासनिक खर्च भनी देखाएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १३ मा सामान्य कट्टी अन्तर्गत कुनै व्यक्ति वा कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधिनमा रही कारोबारसँग सम्बन्धित देहायका खर्चहरु कट्टी गर्न पाउनेछ भन्ने व्यवस्था रहेको देखिन्छः-

क) सो आय वर्षमा भएका

ख) सो व्यक्तिबाट भएका

ग) व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका।

करदाता कम्पनीले कारोवारलाई बृद्धि गर्ने उद्देश्यका साथ गरिएको विज्ञापन खर्च, सेल्स म्यान Travelling Expenses अन्तर्गत भएको खर्च विशुद्ध प्रशासनिक खर्च हो भनी करदाताबाट कुनै प्रमाण पेश गर्न सकेको देखिदैन। दफा १३ बमोजिम खर्च कट्टी कायम हुन त्यस्तो खर्च व्यवसायसंग सम्बन्धित रहेको र त्यसको पुष्टी गर्ने भ्रमण आदेश, भ्रमण प्रतिवेदन लगायतका कागजातहरु करदाताबाट पेश गरी ऐनको दफा ८१ (१) (ग) बमोजिमको प्रमाणबाट पुष्टी गर्न सकेको समेत नदेखिँदा त्यस्तो खर्च दफा १३ बमोजिम खर्च कट्टी गर्न समेत नमिल्ने भनी शुरु आन्तरिक राजस्व कार्यालय सिमराबाट भएको कर निर्धारणको निर्णय कानुनसम्मत देखिएको भनी आन्तरीक राजस्व विभागका महनिर्देशकबाट सदर गरेको निर्णयलाई अन्यथा मान्नु पर्ने नदेखिँदा करदाताको पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।

१७. तसर्थ माथि विवेचित आधार एवं कारण समेतबाट करदाता साविक मारुती नन्दन रोलिङ्ग मिल्स प्रा.लि. (स्थायी लेखा नं. ३०००२०५९७) हाल परिवर्तित शालीमार स्टील्स प्रा.

लि. को आ. ब. २०६७/०६८ को आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७१/०५/१५ मा संशोधित कर निर्धारण गरी गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०२/१६ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालयलाई पठाईदिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल आन्तरिक राजस्व कार्यालय सिमरामा पठाई दिनू।
५. प्रस्तुत मुद्दाको रेकर्ड मिसिल यस न्यायाधिकरणको अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुने:-</u>
इजलास अधिकृतः श्री भिष्म भट्टराई
ईति सम्वत् २०८० साल जेष्ठ ८ गते रोज २ शुभम् ----------------------
फैसला प्रमाणिकरण गर्नेः-
फैसला प्रमाणिकरण मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप